# अख्तियार दुरुपयोग अनुसन्धान आयोग

## टंगाल, काठमाण्डौ

मिति: २०७३।०५।०८ गते

# प्रेस विज्ञप्ति

### विषयः आरोपपत्र दायर गरिएको ।

---

स्वास्थ्य मन्त्रालय अन्तर्गत कार्यरत सुनिल आचार्यले I.Sc तहको शैक्षिक योग्यताको झुठ्ठा प्रमाणपत्र खडा गरी MBBS अध्ययन गरेको, नेपाल मेडिकल काउन्सिलबाट मेडिकल काउन्सिल सदस्यता दर्ता नम्बर प्राप्त गरेको र सरकारी नियुक्ति लिएको भन्ने उजुरीको आधारमा अनुसन्धान तथा छानविन हुँदा निज सुनिल आचार्यले २०६३/११/२७ गते नेपाल स्वास्थ्य सेवा, जनरल हेल्थ सर्भिसेस समुह, मेडिकल अधिकृत पद सातौं तहमा सरकारी सेवा प्रवेश गरी मिति २०७३/०१/२४ गतेबाट नेपाल स्वास्थ्य सेवा अब्स्ट्रेटिक तथा गाइनोकोलोजी समुह, कन्सलटेन्ट अब्स्ट्रेटिक तथा गाइनोकोलोजिस्ट नवौं तहमा बढुवा भई लाभ सुविधा समेत लिने उद्देश्यले राजाराम साह कलेज रक्सौल, पूर्वि चम्पारन, भारतबाट सन् १९९७ मा I.Sc प्रथम श्रेणिमा उत्तिर्ण गरेको झुठ्ठा शैक्षिक योग्यताको प्रमाणपत्र पेश गरी साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ र प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ (१) बमोजिमको कसुर गरेको देखिएको हुँदा निज सुनिल आचार्यलाई साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ र दफा २९(२) तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६(१) बमोजिम सजाय हुन मागदाबी लिई आज विशेष अदालत काठमाण्डौमा आरोपपत्र दायर गरिएको छ ।

(गणेशराज कार्की)
सहसचिव एवं प्रवक्ता